# ताप्ली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## रुपाटार, उदयपुर
### कोशी प्रदेश, नेपाल

प.सं.:२०७९/०८०
च.नं.: ८८३ मितिः- २०८०/०१/१९

श्री सरोकारवाला सबै,
ताप्ली गाउँपालिका रुपाटार, उदयपुर ।

विषय : व्यक्तिगत श्रम स्वीकृति तथा पुन : श्रम स्वीकृती सम्बन्धमा ।

प्रस्तुत विषयमा वैदेशिक रोजगार ऐन, २०६४ तथा वैदेशिक रोजगार नियमावली, २०६४ मा भएको व्यवस्था अनुसार बैदेशिक रोजगारीमा जाने हरेक नेपाली नागरिकले अनिवार्य श्रम स्वीकृति लिनु पर्ने व्यवस्था रहेको छ । वैदेशिक रोजगारीलाई थप व्यवस्थित, मर्यादित, एवं भरपर्दो तथा सहज बनाउन मिति २०८० वैशाख ०१ गत देखि वैदेशिक रोजगारीमा जानेहरुका लागि व्यक्तिगत श्रम स्वीकृती पुनः श्रम स्वीकृतीको लागि अनलाइन आवेदन गर्ने कार्य स्थानीय तहको रोजगार सेवा केन्द्रबाट हुने भनी मिति २०७९/१२/१६ गतेको नेपाल सरकारको (सम्माननीय प्रधानमन्त्री तथा, श्रम रोजगार सामाजिक सुरक्षा मन्त्रीस्तरीय ) निर्णयानुसार यस गाउँपालिकामा रहेको रोजगार सेवा केन्द्र मार्फत आवेदन गर्न सकिने व्यवस्था रहेको सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।

पुनश्च : श्रम स्वीकृतिको आवेदनको लागि आवश्यक कागजात सहित उपस्थित हुन हुन ।

...............
भक्त बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
१. श्री ५ वटै वडा कार्यालय, ताप्ली गाउँपालिका रुपाटार, उदयपुर :- जानकारीको लागि वडास्तरमा सूचना प्रकाशन गर्न हुन ।
२. श्री सूचना तथा प्रविधि शाखा :- जानकारीको लागि ताप्ली गाउँपालिका कार्यालयको वेबसाइड तथा फेसबुक पेजमा अपलोड गर्न हुन ।

E-mail : ict.taplimun@gmail.com
Website: www.taplimun.gov.np